**महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको आयोजनमा आयोजित सामाजिक सास्कृतिक रुपान्तरणको लागि रुपान्तरित नेतृत्व विषयमा राष्ट्रिय महिला मञ्च कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनुभएको मन्तब्य**

यस कार्यक्रमका अध्यक्ष महोदय, माननीय सभासदज्यूहरु तथा आमन्त्रित विशिष्ट अतिथिज्यूहरु ।

**सामाजिक सास्कृतिक रुपान्तरणको लागि रुपान्तरित नेतृत्व** विषयमा आज यसरी राष्ट्रिय महिला मञ्चको आयोजना गरी मलाई प्रमुख अतिथिको रुपमा बोलाउनु भएकोमा आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु ।

नेपाल १० बर्षे सशस्त्र द्वन्द्वबाट शान्ति तर्फ उन्मुख हुँदै रुपान्तरणको लागि पाइला चालिरहेको अवस्था छ । जनताको प्रतिस्पपर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न, संविधान सभाबाट नेपालको संविधान २०७२ पारित भएको छ । यो संविधानले मौलिक अधिकार तथा राजनितिक तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरु, महिला अधिकारका विषयहरुमा महिलालाई समानताको हकमा व्यापकता प्रदान गरेको छ ।

महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । महिलालाई राज्यका विभिन्न निकायहरुमा नेतृत्वदायी भूमिकाको लागि समेत यो संविधानले कतिपय अनिवार्य व्यवस्था गरेको छ । महिलाको मानव अधिकारलाई सम्बोधन गर्नको लागि थुप्रै अन्य कानूनहरु समेत निर्माण भएका छन् । नेपाल संयुक्त राष्ट्र संघको महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूल गर्ने सम्बन्धी महासन्धि १९७९, लगायत अन्य मानव अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय महासन्धि तथा अभिसन्धिहरुको पक्ष राष्ट्र समेत रहेको छ । ती सन्धि महासन्धि अनुरुप नेपालले कानून बनाउनु पर्ने दायित्व राज्य माथि रहेको छ ।

सवै किसिमको सकारात्मक प्रावधान र सोाचाई रहँदा रहँदै पनि अझै महिलाको आर्थिक, सामाजिक अवस्था लक्षित रुपमा माथि उठ्न सकेको छैन । हामीसँग भएका सकारात्मक कानूनहरुको समेत प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । संविधान बमोजिम व्यवस्था भएका मौलिक हकहरुको कार्यान्वयनको लागि कानून निर्माण हुन नसकिरहेको अवस्था छ । अर्न्तराष्ट्रिय प्रतिवद्धता बमोजिमका राष्ट्रिय संरचनागत तथा कानुनीगत व्यवस्थाहरु हुन नसक्नु, हाम्रो सोच तथा मूल्य मान्यतामा परिवर्तन हुन नसक्नु, नागरिक सचेतनाको अभाव रहनु, हाम्रा शैक्षिक पाठ्यक्रमहरु अझै पनि मानव अधिकार मैत्री हुन नसक्नु, धार्मिक तथा सामाजिक परम्परागत, हानिकारक मूल्य मान्यताहरुको तथा अन्धविश्वासको अन्त्य नहुनु, महिलाको परम्परागत भूमिकामा खासै परिवर्तन हुन नसक्नु, गरिवीको अन्त्य हुन नसक्नु, नेतृत्वदायी भूमिकामा महिलाको संख्या अझै पर्याप्त नहुनु, संविधान अनुकुल समावेशी र सहभागीतामुलक सिद्धान्तलाई अंगीकार गरी पहलहरुको सशक्तिकरण हुन नसक्नु, पितृसतात्मक सोचको अन्त्य नहुनु, दण्डहिनताको संस्कृति कायम रहनु, सर्वोच्च अदालतका फैसला र राष्ट्रिय मानव अधिकार आयोगका निर्णयहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु लगायतका कारणहरु हाम्रा सामु समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

देशको परिवर्तित सन्दर्भलाई मद्देनजर गरी संविधान तथा अन्य कानूनले व्यवस्था गरे बमोजिम समानता प्राप्त गर्न र महिलाको मानव अधिकार संरक्षण गर्न, आफ्नो अधिकार स्थापित गर्न महिला स्वयम र अन्य सरोकारसँग समन्वय र सहकार्य गर्दै राजनितिक, आर्थिक, सामाजिक, सास्कृतिक, धार्मिक रुपमा रहेका असमानतालाई चिर्दै रुपान्तरणको लागि नेतृत्वदायी रुपमा रहेका महिलाहरुले प्रभावकारी भूमिका बृद्धि गर्नुपर्ने आजको आवश्यक्ता देखिएको छ । कानून बलियो भएर मात्र महिलाको

मानव अधिकार संरक्षण गर्न सकिने रहेनछ भन्ने हामीले अनुभव गरिसकेका छौ त्यसैले कानूनको साथ साथै सचेत र सजग समाज, परम्परागत मूल्य र मान्यतामा परिवर्तन गरी अघि बढ्न सकेमा मात्र परिवतर्नको महशुस गर्न सकिन्छ ।

यहाँ उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरु सवैले रुपान्तरणको लागि नेतित्वदायी भूमिका निभाउँदै आउनुभएको छ । राज्यको सवै तह र तप्कामा रहेका महिला नेतृत्वहरुले आ-आफ्नो स्थानबाट परिवर्तनको लागि सबल बाहकको रुपमा रहि भएका सकारात्मक प्रयासहरुलाई प्रभावकारी कार्यान्वयन गर्दै सुधारको लागि समेत रचनात्मक तथा प्रभावकारी भूमिका निर्वाह गर्ने तर्फ सजग तथा सचेत हुन जरुरी देखेको छु ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र सम्बर्धनमा राष्ट्रिय मानव अधिकार आयोगले सदैव सहकार्य र समन्वय गरेर जान सक्ने संवैधानिक कार्यादेश रहेको जानकारी गराउँदै आजको यस राष्ट्रिय महिला मञ्चको ३ दिने कार्यक्रमले लिएको उद्देश्य तथा लक्ष्य प्राप्त हुन सफल रहोस भन्ने शुभकामना सहित म बिदा हुन्छु ।

मिति २०७५।४।३

॥ धन्यवाद ॥